विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ८ ♦ अंक ३६५ ♦ २०८२ साल भदौ ३ गते मंगलवार ♦ 19 Aug 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# सर्वोच्च अदालतको आदेशसँगै छानबिनको दायरामा आउने भयो

## गौरकाण्ड, उपेन्द्र यादव जोडिएको घटना के थियो ?

**खबर दर्पण समाचारदाता**

**भदौ २ गते, बर्दिवास**




सर्वोच्च अदालतले करिब १९ वर्ष पुरानो गौर हत्याकाण्डको छानबिन गर्न सरकारका नाममा परमादेश दिएको छ ।

सर्वोच्च अदालतले २०६३ चैत ७ गते रौतहटको गौर नगर पालिका वडा नं. ५ स्थित राइस मिल्सको चौरमा २७ जनाको ज्यान जानेगरी भएको घटनाको अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय रौतहट र जिल्ला सरकारी वकिलको कार्यालय रौतहटलाई परमादेश दिएको छ ।

२७ जनाको ज्यान जानेगरी भएको यो घटनामा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवविरुद्ध पनि उजुरी परेको छ ।

### मधेशी जनअधिकार फोरमको योजना

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले तयार पारेको प्रतिवेदन अनुसार, २०६३ चैत ७ गते रौतहट जिल्लाको गौर नगरपालिका वडा नं. ५ स्थित राइस मिल्सको चौरमा मधेशी जनअधिकार फोरम र नेकपा (माओवादी) निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाले आमसभाको आयोजना गरेका थिए ।

मधेशी जनअधिकार फोरमको नेतृत्व उपेन्द्र यादवले गरेका थिए । एकै ठाउँमा दुई पक्षले सभा आयोजना गरेपछि झडप भयो । यस झडपमा मधेशी जनअधिकार फोरमका कार्यकर्ताले माओवादी कार्यकर्तालाई लखेटेर कुट्दै मारे । इन्सेकको प्रतिवेदन अनुसार, 'मधेशी जनअधिकार फोरमका समर्थकले माओवादी कार्यकर्तालाई नृशंस तवरले कुटपिट गर्दा ५ जना महिलासहित २७ जनाको ज्यान गएको थियो ।'

मधेशी जनअधिकार फोरमले एक साता अघिदेखि नै राइस मिल्सको चौरमा २०६३ चैत ७ गते आमसभा गर्ने भनी प्रचार-प्रसार गरेको थियो । तर, माओवादी निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चाले मधेशी जनअधिकार फोरमले कार्यक्रम गर्ने भनेकै ठाउँमा कार्यक्रम गर्ने भनेर अघिल्लो दिन अर्थात् ६ चैतमा मात्र प्रचार गरेको थियो ।

इन्सेकका अनुसार, दुई पक्षबीच झडप हुँदा गोलीसमेत चलेको थियो । घटनास्थलमा ६ जना, गौर नगरपालिका क्षेत्रभन्दा बाहिर तत्कालीन हजममिनिया गाविसमा ११ जनाको शव फेला परेको थियो । त्यसैगरी तत्कालीन मुडवलवा गाविस जाने बाटोमा २ जना, लक्ष्मीपुर बेलविद्युतमा २ जना तथा उपचारको क्रममा गौर अस्पतालमा ४ जना र भरतपुर लैजाँदै गर्दा बाटोमा २ जना गरी कूल २७ जनाको मृत्यु भएको थियो । कतिपयलाई त आगो लगाएर समेत मारिएको इन्सेकको प्रतिवेदनमा लेखिएको छ । प्रतिवेदनमा भनिएको छ, 'मृतकहरू सबैको टाउकोमा गहिरो चोट लागेको थियो । उनीहरूलाई बाँसको भाटा, ढुंगा, इँटा प्रहार गर्नुका साथै आगोसमेत लगाइएको थियो । मारिनेहरू सबै माओवादी कार्यकर्ता हुन् । महिलाहरूको संवेदनशील अंगमा चोट पुऱ्याइएको थियो ।'

राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनअनुसार, यो झडपमा ११५ जना घाइते भएका थिए । आयोगका अनुसार, मधेशी जनअधिकार फोरमले योजनावद्ध रूपमा माओवादीमाथि आक्रमण गरेका थिए ।

आयोगको प्रतिवेदनमा लेखिएको छ, 'फोरमतर्फबाट माओवादीहरूलाई पूर्व तयारी गरी नियोजित रूपमा नियन्त्रणमा लिई वा लिने क्रममा भएका क्रियाकलाप अमानवीय र क्रूर हुन पुगेको देखिन्छ ।'

योजनावद्ध रूपमा नै मधेशी जनअधिकार फोरमका कार्यकर्ताले माओवादी महिलाको स्तन काटेको पनि आयोगले भनेको छ । 'लैङ्गिक संवेदनहीन भई माओवादी महिला कार्यकर्ताको स्तन काटिनु, महिलाका जननेन्द्रियहरूमा लक्षित गरी कुटपिट गरिनु, व्यक्तिहरूको हत्या गर्ने तरिका प्रायः एउटै हुनु,' आयोगको प्रतिवेदनमा लेखिएको छ ।

इन्सेकका अनुसार, आमसभाका लागि माओवादीले युथ कम्युनिस्ट लिग (वाईसीएल) का सदस्यहरूलाई चैत ६ गते मकवानपुर र बाराबाट दुईवटा ट्रकमा गौर ल्याएको थियो । कार्यक्रमका लागि भनेर राइस मिल्स चौरमा करिब १०० मिटरको दूरीमा उत्तरतर्फ माओवादीले र दक्षिणतर्फ मधेशी जनअधिकार फोरमले आ-आफ्ना मञ्च निर्माण गरेका थिए ।

'कार्यक्रमको दिन फोरमका कार्यकर्ताहरूले लाठीसहित जुलुस आयोजना गरी नगर परिक्रमा गर्दै आमसभास्थल पुगेका थिए । दिनको करिब १:४५ बजेतिर माओवादीको पनि जुलुस निस्कियो,' इन्सेकको प्रतिवेदनमा लेखिएको छ, 'फोरम र माओवादीको जुलुस गौरको अदालत चोकनिर जम्काभेट हुँदा दुवैले एक अर्कालाई ताली बजाएर स्वागत गरेका थिए ।'

त्यसपछि फोरमले आमसभा सुरु गऱ्यो । माओवादीको जुलुस नगर परिक्रमा गर्दै थियो । त्यही समयमा करिब २ बजेतिर मधेशी जनअधिकार फोरमका १५-२० जनाको समूहले माओवादीको मञ्च तोडफोड गर्न थाले । आफ्नो मञ्चमा तोडफोड भएपछि माओवादी कार्यकर्ताहरू पनि फोरमको मञ्चतिर दौडिएर तोडफोड गर्न थाले ।

बाँकी पृष्ठ २ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,

✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प

✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# सर्वोच्च अदालतको...

'मञ्च वरिपरि क्षेत्रबाट दुईवटा गोलीको आवाज आएको थियो ।' इन्सेकको प्रतिवेदनमा लेखिएको छ, 'मानिसहरूबीच भागदौड मच्चिन थालिसकेको थियो । मञ्च वरिपरि माओवादीका कार्यकर्ताहरू मात्र रहेका थिए । त्यही बेला फोरमको मञ्चको पश्चिम-दक्षिण कुनाबाट एक फायरको आवाज आएको र त्यसपछि मञ्चको विभिन्न कुनाबाट गोली तथा बमको ठूलो-ठूलो आवाज आएको थियो', प्रतिवेदनमा भनिएको छ ।

यति हुँदासम्म पनि प्रहरी घटनास्थलमा उपस्थित भएन । प्रमुख जिल्ला अधिकारी सम्पर्क बाहिर थिए । 'स्थिति नियन्त्रणभन्दा बाहिर गइसकेको र घटनास्थलमा ६ जनाको शव प्राप्त भएको जानकारी पाएपछि प्रमुख जिल्ला अधिकारी सम्पर्क बाहिर रहेकाले प्रहरी उपरीक्षक आफैले दिउँसो २:४५ बजेदेखि कर्फ्यू लगाउने आदेश दिए,' इन्सेकको प्रतिवेदनमा लेखिएको छ ।

मधेशी जनअधिकार फोरमका कार्यकर्ताहरूले अस्पतालमा उपचार गराइरहेका माओवादी कार्यकर्तामाथि समेत कुटपिट गरेको इन्सेकको प्रतिवेदनमा लेखिएको छ । 'गौर अस्पतालमा आएका एक माओवादी कार्यकर्तालाई फोरम समर्थकहरूले अस्पताल परिसर भित्रै कुटपिट गर्दा प्रहरीले हस्तक्षेप गरी बचाएको थियो,' इन्सेकले लेखेको छ ।

मधेशी जनअधिकार फोरमका कार्यकर्ताले कार्यक्रम स्थलबाट तीन किलोमिटर पर लगेर ११ जनालाई कुटेर मारेको र त्यसपछि आगो लगाएको पनि इन्सेकको प्रतिवेदनमा लेखिएको छ ।

'बागमती नदीको किनारसम्म भागेका माओवादी कार्यकर्ताहरूमा ३ महिला र ८ पुरुषलाई कब्जामा लिई,' प्रतिवेदनमा लेखिएको छ, 'करिब ३ किमि गौर नगरपालिकातर्फ, गाउँभन्दा पश्चिमपट्टी बौधीदेवीको मन्दिरमा ल्याई बाँसको भाटा, ढुंगा र इँटा प्रहार गरी मन्दिरमा बली दिएर, आगोसमेत लगाई हत्या गरेको पाइयो ।'

### किन चलेन यतिका वर्षसम्म मुद्दा ?

घटनालगत्तै २०६४ चैत २८ मा पीडित परिवारले प्रहरीमा किटानी जाहेरी दिएका थिए । तर, प्रहरीले जाहेरी दर्ता गर्ने बाहेक अरू काम अहिलेसम्म गरेको छैन ।

घटनापछि पुनरावेदन अदालतका न्यायाधीश हरिप्रसाद शर्मा, अनन्तराज डुम्रे लगायत सुरक्षा निकायका अधिकारीहरू रहेको जाँचबुझ आयोग बनाइएको थियो । आयोगले घटना नियोजित रूपमा भएको र घटनामा संलग्न ६४ जनालाई दोषी देखाएको थियो । तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवलाई यो घटनाको योजनाकार भनेर उल्लेख गरिएको थियो।

घटनाको एक वर्षपछि संविधानसभा चुनाव भयो । त्यसपछि उपेन्द्र यादव र माओवादी दुवै सत्ता संघर्षमा अल्झिए । यही सत्ता संघर्षको किचलोमा पर्‍यो गौर घटना । २०८० को साउन २३ मा सरकार र पीडितबीच पाँचबुँदे सहमति भयो – छानबिन गर्ने भनेर । सरकारसँग सहमति हुनुअघि नै पीडित परिवारहरू घटनाको अनुसन्धान हुनुपर्ने मागसहितको रिट बोकेर २०८० जेठ २ गते सर्वोच्च अदालत पुगेका थिए । यही निवेदनमा सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्वय तीलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेको इजलासले सोमबार गौर घटनाको अनुसन्धान गर्न सरकारलाई परमादेश दिएको हो ।

# गौर काण्डः सर्वोच्च द्वारा अनुसन्धान गर्न परमादेश जारी गरेपछि जसपा नेपाल आन्दोलित



**खबर दर्पण समाचारदाता**
**भदौ २ गते, बर्दिवास**

१९ वर्ष अगाडी २७ जनाको ज्यान जाने गरि भएको गौर हत्याकाण्डको अनुसन्धान अगाडी बढाउन सर्वोच्च अदालतले परमादेश जारी गरेपछि जनता समाजवादी पार्टी नेपाल आन्दोलित भएको छ । सोमबार सर्वोच्च अदालतका न्यायाधीशद्वय तीलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेको इजलासले गौर घटनाको अनुसन्धान गर्न सरकारलाई परमादेश दिएको हो ।

२०६३ चैत ७ गते रौतहटको गौर नगरपालिका वडा नं. ५ स्थित राइस मिल्सको चौरमा २७ जनाको ज्यान जानेगरी भएको घटनाको अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय रौतहट र जिल्ला सरकारी वकिलको कार्यालय रौतहटलाई परमादेश दिएको छ । उक्त घटनामा पार्टीका अध्यक्ष उपेन्द्र यादवमाथि अनुसन्धान हुनेगरी सर्वोच्च अदालतले परमादेश दिएपछि विरोधमा जनकपुरधामको रामानन्द चोकमा कार्यकर्ताले टायर बालेर विरोध प्रदर्शन गरेका हुन् । यो घटनामा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष यादवविरुद्ध पनि उजुरी परेको छ ।

मधेस आन्दोलनका उपलब्धिहरूलाई समाप्त पार्ने हिसाबले अदालतको परमादेश आएको भन्दै जसपा नेपालका नेता कार्यकर्ताहरुले विरोध प्रदर्शन गरेका हुन् ।

सर्वोच्च अदालतले मधेश आन्दोलनका उपलब्धिहरुलाई तेजोबोध गर्ने उद्देश्यले यस प्रकारको परमादेश दिएकाले आफूहरू आन्दोलित हुनु परेको जसपा नेपाल मधेसका अध्यक्ष बालकिशोर यादवले बताए ।

# जनकपुर बार र पत्रकार महासंघ मधेसबीचको समस्या वार्ताबाटै समाधान गर्न आह्वान

**खबर दर्पण समाचारदाता**
**भदौ २ गते, बर्दिवास**

नेपाल बार एसोसिएसनले जनकपुर बार र पत्रकार महाससंघ मधेस प्रदेश समितिका बीचको वार्ताबाट समस्या समाधान गर्न आह्वान गरेको छ ।

बारका महासचिव केदारप्रसाद कोइरालाले सोमवार विज्ञप्ति जारी गरी वार्ताको माध्यमबाट समस्या समाधान गर्न आह्वान गर्नुभएको हो । नेपाल बारले वार्ता प्रक्रियालाई बाधा पुग्ने कुनै पनि क्रियाकलाप नगर्न दुवै पक्षलाई आग्रह गरेको छ ।

विज्ञप्तिमा भनिएको छ, "विवाद समाधान गर्ने प्रयोजनका लागि वार्ता समिति गठन गर्ने भद्र सहमति भएबमोजिम वार्ता




समिति गठन भई स्थलगत तहमै कार्य भइरहेकाले वार्ता प्रक्रियालाई परिणाममुखी बनाउन सरोकार भएकालाई आह्वान गर्दछौं ।"

सार्वजनिक र पेसागत क्षेत्रमै महत्वपूर्ण भूमिकामा रहेको यी दुवै संस्थाका बीचमा संवाद र सहकार्यको आवश्यकतालाई मध्यनजर गरी दुवै संस्थाका केन्द्रीय कार्यसमितिका पदाधिकारीले गत साउन २९ गते छलफलसमेत गरेको बारले जनाएको छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्राार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# वकिलको बलमिच्याइँ र पत्रकार महासंघको आन्दोलन

यति वेला मधेश प्रदेशको राजधानी जनकपुरधाममा नेपाल पत्रकार महासंघ र नेपाल बार एसोसिएसन जनकपुरधाम आमनेसामने भएका छन् । कानुनी राज्यको पैरवी, वकालत र लोकतन्त्रको रक्षाका निम्ति अग्र स्थानमा उभिने यी दुई संस्था एकापसमा लड्नुले न्यायिक प्रणालीप्रतिको आमजनविश्वासमाथि नै प्रश्न गर्ने प्रशस्त स्थान दिएको छ ।

यो अवस्था किन आयो, यसको पृष्ठभूमिबारे थोरै चर्चा गर्न चाहन्छु । जनकपुरधाम मधेश प्रदेशको स्थायी राजधानी हो । जनकपुरधामका करिब ९० प्रतिशतभन्दा बढी जग्गा गुठी संस्थानकै स्वामित्वमा रहेको छ । त्यसकारण यहाँ रहेका अधिकांश सरकारी तथा सामाजिक संघसंस्थाको कार्यालय गुठीकै जग्गामा निर्माण भएका छन् । जिल्ला प्रहरी कार्यालयदेखि अदालतसम्म पनि गुठीकै जग्गामा बनेका छन् ।

यहाँका अधिकांश जग्गा गुठीकै रहेका कारण कुनै संस्थाले जग्गा खरिद गरेर भवन बनाउनु फलामको चिउरा चपाउनुसरह हो । व्यक्तिको थोरै जग्गा भएकाले यहाँ जग्गाको मूल्य निकै महँगो छ । त्यसकारण पनि विभिन्न संघसंस्था तथा सरकारी निकायको पहिलो रोजाइ गुठीकै जग्गा हुने गरेको छ ।

२०६२ सालमा तत्कालीन सरकारले जनकपुरका धार्मिक, पोखरी, मठमन्दिर लगायतको जग्गा संरक्षण र व्यवस्थापनका लागि भोजराज घिमिरेको संयोजकत्वमा उच्चस्तरीय कार्यदल गठन गरेको थियो । कार्यदलले ४ महिना लगाएर जनकपुरका पोखरी तथा मठमन्दिरका जग्गाको अतिक्रमण तथा त्यसको अवस्थाका विषयमा तत्कालीन सरकारलाई एक प्रतिवेदन बुझाएको थियो । प्रतिवेदनमा ४९ वटा सार्वजनिक पोखरी, २१ वटा निजी र ५ वटा अन्य पोखरी विलुप्त अवस्थामा रहेको उल्लेख छ । त्यसैगरी, प्रतिवेदनमा गुठीका सयौं बिघा जग्गा अतिक्रमणमा परेको उल्लेख छ ।

मुलुक संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा गएपछि नेपाल पत्रकार महासंघले पहिलोपटक संघीयता अभ्यास गर्दै प्रादेशिक संचरना विस्तार गर्यो । संघीयताअनुसार पहिलोपटक आफ्ना प्रादेशिक संरचना विस्तार गर्ने अग्रिम संस्था नेपाल पत्रकार महासंघ नै हो । र, महासंघ नै त्यस्तो पहिलो नागरिक संस्था हो, जसमा सदस्यहरूको प्रत्यक्ष मतदानबाट प्रमुख निर्वाचित हुने व्यवस्था छ ।

पत्रकार महासंघ प्रादेशिक संरचनामा गएपछि प्रादेशिक समितिलाई कार्यालय भवन आवश्यक भयो । महासंघ मधेश प्रदेश समितिका प्रथम अध्यक्ष दीपेन्द्र चौहानले तत्काल भाडामा घर लिई कार्यालय सञ्चालन गर्ने प्रयास त गरे । तर , भाडा महँगो भएकाले केही महिनामै छोड्नुपर्योत्यसपछि दोस्रो कार्यालयमा वरिष्ठ पत्रकार राजेश कर्ण महासंघका प्रदेश अध्यक्षमा निर्वाचित भए । उनले पनि कार्यालय स्थापनाका लागि जग्गा खोज्ने प्रयास त गरे, तर सकेनन् । फलतः कार्यालयविहीन अवस्थामै महासंघको प्रदेश कमिटी रह्यो । कर्णपछि अध्यक्ष भएका श्याम बन्जारले पनि महासंघको कार्यालय जनकपुरधाममा खोलेर भवन निर्माणका निम्ति जग्गा खोजी गरे । प्रदेशको राजधानीमै जग्गा खोज्नुपर्ने बाध्यता भएकाले जग्गाको खोजी तीव्र पारियो ।

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहसँग जग्गाका विषयमा कुराकानी हुँदा उहाँकै सल्लाहअनुसार हामीले गुठी संस्थानसँग जग्गाका विषयमा कुराकानी गर्यौं । त्यसपछि गुठी संस्थान जनकपुरका प्रमुखले जनकपुरधाम उपमहानगरपालिका- ४ स्थित प्रदेश जनस्वास्थ्य प्रयोगशालाअगाडि रहेको गुठी संस्थान अधीनस्थ श्री राममन्दिर गुठीको ४ कट्ठा जग्गा खाली रहेको बताउनुभयो । त्यसपछि महासचिव शैलेन्द्र महतो क्रान्तिसहितले सो जग्गाको ट्रेस नक्सा, फिल्डबुक उतार तथा वडा कार्यालयबाट सिफारिससहित गुठी संस्थानमा जग्गाका लागि निवेदन दिइयो ।

यसरी, पत्रकार महासंघ मधेश प्रदेशले वैधानिक प्रक्रिया पूरा गरेर गुठी संस्थानसँग वार्षिक तीन लाख एक हजार एक सय रुपैयाँमा सो ४ कट्ठा जग्गा लिजमा लियो । गुठी संस्थानले टेन्डर आह्वान गरी, प्रतिस्पर्धात्मक प्रक्रियाबाट प्रस्ताव मूल्यांकन गरेर पत्रकार महासंघलाई लिजमा दिने निर्णय गरेको थियो । त्यसैले, सो जग्गा कानुनी रूपमा महासंघकै स्वामित्वमा रहेको विषयमा कुनै विवाद थिएन ।

तर, बार एसोसिएसन जनकपुरले टेन्डर प्रक्रियामा सहभागी नै नभए पनि पछि आएर जग्गा आफ्नो भएको दाबी गर्दै कब्जा गर्ने रणनीति अख्तियार गर्‍यो । यसैक्रममा फलामे पिलर गाडेर घेराबारा गर्ने प्रयास, जबर्जस्ती पार्किङ स्थल घोषणा गर्ने, मौखिक सहमतिलाई बेवास्ता गर्दै अदालतमा रिट हाल्ने र अन्ततः पत्रकारमाथि शारीरिक आक्रमणसम्म गर्नेजस्ता क्रियाकलाप गरियो ।

यो विवादले केवल संस्थागत हैसियतमा मात्र नभई व्यक्तिगतस्तरमा समेत पीडा ल्याएको छ । पत्रकार महासंघका अध्यक्ष श्याम बन्जारा र अन्य पत्रकार साथीहरू घाइते भएका छन् । महासंघका महासचिव शैलेन्द्र महतो क्रान्तिको खुट्टा भाँचिएको छ ।

नेपाल पत्रकार महासंघ मधेश प्रदेशले गुठी संस्थानसँग वैधानिक प्रक्रिया पूरा गरेर प्राप्त गरेको जग्गामा वकिल साबहरूको दादागिरी अहिले नैतिकता, लोकतन्त्र र कानुनी शासनकै ठुलो प्रश्न बनेको छ ।

महासंघले कानुनी प्रक्रिया पूरा गरी वार्षिक भाडा बुझाएर लिइएको ४ कट्ठा जग्गामा नेपाल बार एसोसिएसन जनकपुरका वकिलहरूले बलजफ्ती कब्जा प्रयास गर्नु न्याय प्रणालीकै उपहास हो । संवादमा बस्दा 'ठिक छ' भन्ने तर भोलिपल्टै रिट हाल्ने, कानुनी प्रतिस्पर्धा गर्नुको सट्टा बल प्रयोग गर्ने व्यवहारले वकिल पेसालाई नै विवादित बनाएको छ ।




कानुनी लडाइँ अदालतमा हुन्छ, तर बारका वकिलहरूले सडकमा हिंसात्मक शैली अपनाउँदै पत्रकारमाथि सांघातिक आक्रमण गर्ने, धक्कामुक्का गर्ने, खुट्टा भाँचिने गरी घाइते बनाउने कार्य निन्दनीय छ । न्यायका पहरेदार भनिने वकिलहरूकै हातबाट जब यस्तो हिंसा हुन्छ, त्यो लोकतन्त्रको मेरुदण्डमाथि आक्रमण हुन्छ ।

## घटनाले उठाएका प्रश्नहरू

पहिलो, टेन्डरमा सहभागी नभएको बारले पछि आएर जबर्जस्ती कब्जा प्रयास गर्नु नै कानुनी मर्यादाविपरीत कदम हो । दोस्रो, एकातिर मौखिक सहमति गरेर जानु अर्कातिर उच्च अदालत जनकपुरमा रिट हाल्नु बारको नैतिक जिम्मेवारीविपरीतको कदम हो । तेस्रो, कानुनको संरक्षण गर्ने भनिएका वकिलहरूले नै हातपात र हिंसात्मक गतिविधि गर्नु लोकतन्त्र र न्यायिक मर्यादाका लागि कलंक हो । चौथो, प्रहरी प्रशासनको उपस्थिति हुँदासमेत पत्रकारमाथिको आक्रमण रोक्न सकिएन । उल्टै पत्रकार महासंघका अध्यक्षलाई घेराबन्दी गरी कुटपिट गर्ने वकिललाई अझै किन पक्राउ गरिएन ?

वकिलको काम अदालतमा कानुनी आधारमा टेकेर बहस गर्नु हो । तर, जब वकिलले नै सडकमा आएर बलजफ्ती कब्जा गर्छन्, पत्रकारमाथि धक्कामुक्का गर्छन्, खुट्टा भाँच्ने गरी आक्रमण गर्छन्– त्यो केवल व्यक्तिगत हिंसा होइन, लोकतन्त्रकै मेरुदण्डमाथिको प्रहार हो ।

यो घटनाले इतिहासका ती दिनहरू सम्झाउँछ, जब शक्तिशालीहरूले प्रेसलाई दबाउन बल प्रयोग गरेका थिए । पञ्चायतमा लेख्ने कलममाथि हत्कडी लगाइयो, ०६२/६३ को आन्दोलनताका पत्रकारमाथि लाठीचार्ज गरियो । मधेश आन्दोलनमा आन्दोलनकारीसँगै पत्रकारहरूले प्रहरीको लाठी खानुपर्‍यो । तर, फरक के छ भने त्यतिवेला बल प्रयोग गर्ने र ज्यका सुरक्षाकर्मी थिए, आज बल प्रयोग गर्नेहरू भने कानुनकै रक्षक भनिने वकिलहरू छन् ।

## जनकपुर बारको नैतिक हार

सहमति र संवादबाट विवाद सुल्टाउने रटान लगाउने वलिकहरू पत्रकार र स्थानीय प्रहरी प्रशासनसँग छल गर्दै महासंघले लिजमा प्राप्त गरेको जग्गाको लिज नै बदर गराउने उद्देश्यले उच्च अदालत जनकपुरधाममा रिट निवेदन दर्ता गराएका छन् । सामान्य जग्गा विवादमा ६१ जना वकिलले सामूहिक हस्ताक्षर गरेर रिट हालेर महासंघले प्राप्त गरेको जग्गालाई विवादमा पारेर आफूहरूले भोगचलन गर्ने मनसाय राखेको छर्लंग देखिन्छ । सामान्य मुद्दामा वलिकहरूको जम्बो टोली खडा गर्नु कानुनी पद्धति होइन, यो भिडको दम्भ हो । कानुन बलियो तर्क र तथ्यले हुने हो, भिड देखाएर होइन ।

कुरा यति मात्र होइन, अदालतमा पुगेको कानुनी लडाइँमा पत्रकार महासंघका तर्फबाट कुनै वकिलले बहस वा पैरवी नै गर्न नपाउने गरी यहाँका वकिललाई निर्देशन तथा निषेध गरिएको कुरा बाहिर आएको छ । पत्रकार महासंघ धनुषा, शाखाका कानुनी सल्लाहकारलाई समेत महासंघका तर्फबाट बहस पैरवी गर्न रोक लगाइएको छ । जनकपुर बारको यो निषेध लोकतान्त्रिक कानुनी अभ्यासकै हत्या हो । यसले महासंघलाई आफ्नो कानुनी अधिकारबाट वञ्चित मात्र गराएको छैन, नागरिकको न्याय पाउने अधिकारमै आघात पुर्‍याएको छ ।

पत्रकारहरूमाथि सांघातिक आक्रमण गर्ने क्रममा वलिकहरूले भनेका थिए, 'अदालत हाम्रो गोजीको संस्था हो । हामी जे भन्छौं, त्यही आदेश अदालतले गर्छन् ।' तर, विद्वान् भनिएका वलिकहरूको यो धम्कीमा हाम्रो रतीभर पनि विश्वास छैन । कारण अदालतले प्रमाण, तथ्य र तर्कका अधारमा आदेश दिन्छ र दिनु पनि पर्छ भन्ने हाम्रो मान्यता हो ।

## यसकारण हामी आन्दोलनमा

महासंघले लिजमा लिएको जग्गामा जब जनकपुर बार एसोसिएनका पदाधिकारीसहितका वकिलको समूहले फलाम गाडेर तारबार गर्न थालेपछि महासंघले त्यसलाई रोक्न प्रहरीलाई बोलायो । प्रहरीले रोक लगाउँदा तत्काल रोकियो पनि । तर, जब पत्रकार र प्रहरी सो जग्गाबाट अन्त गए, पुनः वकिलहरूले त्यहाँ फलामे खम्बा गाडे । त्यसपछि पत्रकारहरूले गुठी संस्थानसँग लिजमा लिएको जग्गाको कागजात, सम्झौतापत्रको प्रतिलिपि तथा निवेदनसहित धनुषाका प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दियो ।

सिडिओले कागजात हेरेर भने, 'यो जग्गा तपाईंहरूकै हो । वलिकहरूले बलमिच्याइँ गरेका छन् । यस विषयमा कुराकानी गरेर सल्टाउँछौं ।' वलिकहरूसँग महासंघका पदाधिकारीले छलफल पनि गरे । तर, उनीहरूले तपाईंहरूले लिजमा लिएको जग्गाको आधा जग्गा दिएपछि मात्रै हामी आफ्नो दाबी छोड्छौं भने । तर, हामीले त्यही जग्गाको पछाडि गुठी अधीनस्थ अन्य जग्गा पनि खालि रहेकाले सो जग्गा प्राप्तिका लागि लिज प्रक्रिया अघि बढाउनुस्, बाटोको समस्या भए हामी सहजीकरण गरिदिन्छौं भन्यौं । अर्थात् हामी सडकका लागि जग्गा दिन सक्छौं ।

जनकपुर बारका अध्यक्ष विमल मिश्रले भने, 'हुन्छ, हामी साथीहरूसँग छलफल गर्छौं र वार्ता साथै सहमतिकै माध्यमबाट यो विषयलाई टुंगो लगाउँछौं' भन्दै हामीलाई आश्वस्त पारे । तर, त्यही दिन उनीहरूले गुठी संस्थान र महासंघसमेतलाई विपक्षी बनाई उच्च अदालत जनकपुर धाममा अन्तरिम आदेशका लागि उत्प्रेषणको रिट निवेदन हाले ।

सो रिटमा अदालतले कारण देखाऊ आदेश जारी गरी अल्पकालीन अन्तरिम आदेश जारी हुने आदेश गरेको छ । अदालतले ५ भदौमा छलफलका लागि दुवै पक्षलाई बोलाएको छ । अदालतले सो जग्गा यथास्थितिमा राख्न भनेको छ । तर, वकिलहरूले अझै पनि सोही जग्गामा पार्किङ गरिरहेका छन् । यसको अर्थ हुन्छ, जनकपुर बारले अदालतको आदेशको मानहानी गरिरहेको छ ।

त्यसपछि हामीले धेरै मिहिनेत गरेर बल्लतल्ल प्राप्त गरेको जग्गा कुनै हालतमा गुम्न दिँदैनौं भन्दै सोही जग्गामा पत्रकार सम्मेलन गरी जग्गाबारे सबैलाई जानकारी गराएर तारबार गर्न थाल्दा वकिलको समूहले महासंघका प्रदेश अध्यक्ष बन्जारासहितका साथीमाथि सांघातिक आक्रमण गरे । यो घटना हुँदासम्म अदालतबाट हामीलाई कुनै जानकारी आएको थिएन ।

त्यसपछि हामीलाई कुटपिट गरी घाइते बनाउने केही वकिलको पहिचान गरी जिल्ला प्रहरी कार्यालय धनुषामा किटानी जाहेरी दियौं । तर, प्रहरीले कुनै सुनवाइ गरेन । त्यसपछि मधेश प्रदेश प्रहरीको प्रशासनिक भवन उद्घाटनका लागि प्रधानमन्त्री केपी शर्मा ओली आउँदा हामीले ज्ञापनपत्र बुझायौं । प्रधानमन्त्री ओलीले उद्घाटन कार्यक्रममै सहभागी रहेका नेपाल प्रहरीका प्रमुख दीपक थापासहितलाई घटनाको तत्काल छानबिन गरी दोषीमाथि कारबाही गर्ने आदेश दिए ।

मञ्चबाटै सार्वजनिक रूपमा प्रधानमन्त्री ओलीले भने, 'पत्रकारलाई अंगभंग हुने गरी भएको घटनालाई गम्भीर भएर समाधान गर्नुस् । यो विवाद कानुनी संवाद र वार्ताबाट समाधान गर्नुपर्छ, जोरजुलुम गरेर होइन । अहिले राणाशासन वा राजतन्त्रको समय होइन, व्यवस्था फेरि एको छ,' प्रधानमन्त्री ओलीले भने ।

गृहमन्त्री रमेश लेखकले समेत दोषीलाई पक्राउ गरी कानुनी कारवाही गर्न निर्देशन दिए । तर, आश्चर्यको कुरो, स्थानीय प्रहरी प्रशासन वकिलसामु निरीह देखिएको छ ।

प्रधानमन्त्री र गृहमन्त्रीबाट आदेश आयो, तर कार्यान्वयन गर्ने स्थानीय प्रहरी प्रशासनले त्यस आदेशलाई टेरपुच्छर लगाएनन् । यसले राज्य संयन्त्र वकिलको छायाभित्र बन्धक बनेको प्रमाणित गरिदिएको छ । प्रश्न उठ्छ– जब वकिलले नै कानुन मिच्छन् र प्रशासन उनीहरूसामु निरीह हुन्छ, तब न्यायको अन्तिम भरोसा कहाँ बाँकी रहन्छ ?

यस्तो अवस्थामा महासंघ आन्दोलनमा उत्रन बाध्य भएको छ । पहिलो चरणमा जिल्ला प्रशासनअगाडि धर्ना दिइसकेको छ । दोस्रो चरणमा आठै जिल्लासहित देशव्यापी आन्दोलन गर्ने चेतावनी दिइएको छ । यो आन्दोलन पत्रकारहरूका लागि केवल जग्गाको विवादको होइन, प्रेस स्वतन्त्रता, कानुनी शासन र लोकतान्त्रिक मूल्यहरूको रक्षा गर्ने निर्णायक संघर्ष हो । आवाजविहीनका आवाज पत्रकारहरू अन्याय, अत्याचारमा परेकाहरूलाई न्याय दिलाउन, मानव अधिकार रक्षा गर्न तथा मुलुकका हरेक व्यवस्था परिवर्तनमा अग्र स्थानमा उभिएको तथ्य कहींकतै लुकेको छैन । तर, आज पत्रकारहरू आफैं कानुनका रक्षकबाट अन्यायमा पर्दा नागरिक समाज, विभिन्न अधिकारवादी संघसंस्था तथा राजनीतिक दलहरूको मौनता तोडिन्छ भने हाम्रो विश्वास छ ।

इतिहासले देखाएको छ, जब शक्तिशालीले कानुनभन्दा आफूलाई माथि राख्छ, तब समाजमा अराजकता मच्चिन्छ । पञ्चायती दमनले पत्रकारलाई रोक्न सकेन, ०६२/६३ को लाठीचार्जले जनताको स्वर थुन्न सकेन । आज वकिलहरूको बलमिच्याइँ पनि असफल हुनेछ, किनकि सत्यलाई दबाउन सकिँदैन ।

पत्रकार र वकिल दुवै बौद्धिक वर्गका प्रतिनिधि हुन् । तर, यस घटनाले वकिलहरूको संस्थामाथि नै प्रश्न उठाएको छ । कानुनी शासनको रक्षा गर्ने भनिएको संस्था स्वयंले जब कानुन उल्लंघन गर्छ, तब दोषी त बार हुन्छ नै, तर मौन रहने राज्य संयन्त्र पनि त्यत्तिकै दोषी हुन्छ । पत्रकारहरूले थालेको आन्दोलनको जिम्मेवारी वकिल र राज्य दुवैले लिनुपर्छ ।

-नयाँपत्रिका

# रैथाने गाई संरक्षण अभियान ‘जनकधाम योजना’ बारे जानकारी दिन प्रधानमन्त्रीसँग छलफल

**खबर दर्पण समाचारदाता**

**भदौ २ गते, बर्दिवास**

प्रधानमन्त्री केपी शर्मा ओलीलाई रैथाने गाई संरक्षणका लागि अगाडि बढाइएको ‘जनकधाम योजना’ बारे जानकारी दिइएको छ ।आइतबार प्रधानमन्त्री निवास बालुवाटारमा जनकधामका संस्थापक वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट कौशलेन्द्र झालगायत उहाँको टोलीले प्रधानमन्त्री ओलीलाई जनकधामको उद्देश्य, योजना र परिकल्पनाबारे जानकारी दिनुभएको हो । त्यसक्रममा झाले रैथाने गौआधारित कृषि प्रणाली, रोजगारी सिर्जना, प्राकृतिक जीवनशैली एवं पञ्चगव्य उत्पादनमार्फत मानव स्वास्थ्यमा गर्न सकिने सकारात्मक हस्तक्षेपबारे जनकधामको परिकल्पना गरिएको बताउनुभएको थियो ।

“स्वास्थ्य, आयुर्वेद, प्राकृतिक कृषि तथा परम्परागत ज्ञानमा आधारित कार्यक्रमहरू सञ्चालन गर्दै राष्ट्र निर्माणको साझेदार बन्ने लक्ष्यसहित हामीले एक महत्त्वकांक्षी परियोजना प्रारम्भ गरेका छौँ । यसका लागि मास्टरप्लानसहित धनुषामा २० बिघा क्षेत्रफलमा परियोजना कार्यान्वयन गरिरहेका छौँ”, संस्थापक झाले भन्नुभयो,“यसमार्फत केवल उत्पादनमा सीमित रहने होइन, जीवनशैलीमा परिवर्तन ल्याउने, सोचाइमा देशप्रेमको भावना जागृत गराउने र स्वास्थ्य, कृषि तथा संस्कृतिलाई एकीकृत गर्दै राष्ट्रिय विकासमा योगदान दिने हाम्रो लक्ष्य छ ।

”परियोजनाको मुख्य उद्देश्यमा देशी गाई संरक्षणका लागि नमुना गौशाला स्थापना, प्राकृतिक कृषि, गौआधारित पञ्चगव्य उत्पादन, जैविक मल, बायोग्यास प्लान्ट र प्राकृतिक कीटनाशक उत्पादन केन्द्र स्थापना गर्ने काम भइरहेको जानकारी दिइयो । यस्तै, स्वास्थ्य र सांस्कृतिक पर्यटन केन्द्र, जडीबुटीखेती तथा प्रशोधन, वनस्पति उद्यान, वैकल्पिक चिकित्सा (आयुर्वेद) अस्पताल र प्राकृतिक चिकित्सा केन्द्र, योग, ध्यान र पुस्तकालयमार्फत आरोग्यता र दिगो जीवनशैली प्रवर्द्धनका साथै वैदिक ज्ञान, सामुदायिक विकास र सांस्कृतिक आदानप्रदानलाई प्रोत्साहन गरी देशकै गर्व गर्न लायक नमुना परियोजना विकास गर्ने दीर्घकालीन लक्ष्यसहित काम भइरहेकाबारे प्रधानमन्त्रीलाई जानकारी दिइएको झाले बताउनुभयो ।

जवाफमा प्रधानमन्त्री ओलीले संस्कार, संस्कृति, आयुर्वेद र आरोग्यका क्षेत्रमा नेपालको आफ्नै वैदिक अभ्यास रहेको र त्यसमा सघाउ पुग्नेगरी मौलिक परियोजना स्थापना भएको जानकारी पाउँदा खुसी लागेको बताउनुभयो । उहाँले रैथाने गाई संरक्षण र गौआधारित एकीकृत कृषि प्रणालीमार्फत मानव स्वास्थ्य, पञ्चगव्य उत्पादन र रोजगारी सिर्जना हुँदा देशले पनि लाभ लिने विश्वास व्यक्त गर्नुभयो ।

“वास्तवमा धेरै समस्याको निदान हाम्रो वैदिक मान्यतामा छ । हाम्रो धर्मसंस्कारमा गाईको महत्त्व त छ नै, त्यसको प्रवर्द्धनमार्फत प्रचुर लाभ लिने सकिन्छ । रैथाने गाई संरक्षण, पञ्चगव्य उत्पादन र प्राकृतिक कृषि विकासमार्फत स्वस्थ जीवनशैली र रोजगारी सिर्जनामा योगदान गर्ने तपाईंहरूको योजना मौलिक छ । अब यस्तै नयाँ नयाँ योजनासहित देश विकासमा लाग्नुपर्छ, यो सचेत नागरिकको दायित्व पनि हो । सरकारले यस्ता योजना र सोचलाई प्रोत्साहन गर्छ”, प्रधानमन्त्री ओलीले भन्नुभयो ।



छलफलमा सहभागी नेकपा (एमाले) का पोलिटब्युरो सदस्य सुजिता शाक्यले गौआधारित कृषि प्रणाली, प्राकृतिक जीवनदर्शनका माध्यमबाट देश र समाज विकासमा योगदान गर्ने जनकधामको परिकल्पना उत्साहजनक रहेको बताउनुभयो । उहाँले भन्नुभयो,“अव्यवस्थित आहारबिहार, अप्राकृतिक जीवनशैलीका कारण विविध समस्या देखिरहेका छन् । जसले मानसिक र शारीरिक रुपमा स्वास्थ जनशक्ति निर्माण गर्ने राज्यको लक्ष्यमा चुनौती थपिएको छ । विकास बजेट कटौति गरेर अर्बौं रकम स्वास्थ्यउपचारमा खर्चिनुपर्ने बाध्यता छ । यस्तो अवस्थामा गौआधारित एकीकृत जीवनमार्फत रोगव्याधि नियन्त्रण, स्वस्थ जीवन र संस्कारयुक्त जीवनपद्धतिका लागि योगदान गर्ने जनकधामको परिकल्पना राम्रो छ ।

”धनुषाको क्षीरेश्वरनाथ–८ दिगम्बरपुरमा ‘जनकधाम’ परियोजना सञ्चालन भइरहेको छ । बीस बिघामा फैलिएको उक्त धाममा हाल एक सय १० भन्दा बढी देशी गाईबाच्छा रहेका छन्, जहाँ गाईमा आधारित कृषि, हर्बल खेती, पञ्चगव्यमा आधारित उपचार पद्धतिको विकास भइरहेको छ । त्यहाँबाट पञ्चगव्य अर्थात् दुध, दही, घ्यु, गहुँत (गौमुत्र) र गोबर तथा हर्बलको प्रयोग गरेर ७० भन्दा बढी औषधिजन्य उत्पादन भइरहेका छन् । आगामी तीन वर्षभित्र यस्ता उत्पादन एक हजारसम्म पुऱ्याउने लक्ष्य रहेको झाले जानकारी दिनुभयो ।

---

सन्दर्भ : १९ औं राष्ट्रिय सूचना दिवस

*अजयकुमार साह*

# मधेस प्रदेशमा सूचनाको हक (RTI) कार्यान्वयनको अवस्था

### १. प्रस्तावना

सूचना पाउनु प्रत्येक नागरिकको मौलिक अधिकार हो, जुन लोकतन्त्र, पारदर्शिता र सुशासनको आधारस्तम्भ हो। नेपालको संविधान, २०७२ ले यस अधिकारलाई सुनिश्चित गरेको छ भने सूचना अधिकार ऐन, २०६४ ले यसलाई कानुनी आधार प्रदान गरेको छ। यस ऐनमार्फत नागरिकले राज्यका निकाय वा सार्वजनिक सरोकार भएका संस्थाबाट सूचना माग्न र प्राप्त गर्न पाउने अधिकार प्राप्त गरेका छन्। तर, कानुनी व्यवस्था बलियो भए पनि व्यवहारिक कार्यान्वयन सबै प्रदेशमा समान छैन। मधेस प्रदेशमा सूचना अधिकारको कार्यान्वयनमा केही सकारात्मक अभ्यासहरू देखिएका छन् भने धेरै चुनौतीहरू अझै कायम छन्। यस कार्यपत्रले मधेस प्रदेशमा सूचना अधिकारको कार्यान्वयनको वर्तमान अवस्था, चुनौती, अवसर र सुधारका उपायहरूको विश्लेषण गर्दछ।

### २. कानुनी तथा संस्थागत व्यवस्था

- सूचना अधिकार ऐन, २०६४ र यससँग सम्बन्धित नियमावली सबै प्रदेशमा समान रूपले लागू हुन्छ।
- प्रदेश र स्थानीय तहका अधिकांश कार्यालयहरूमा सूचना अधिकारी तोकिएका छन्। तर उनीहरूको सक्रियता र जवाफदेहिता न्यून देखिन्छ।
- मन्त्रालय, जिल्ला स्तरका कार्यालय र स्थानीय तहमा सूचना प्रवाह गर्ने संरचना भए पनि समन्वय कमजोर छ।
- राष्ट्रिय स्तरमा सूचना आयोग भए पनि प्रदेश स्तरमा अलग्गै आयोग वा बलियो निगरानी संरचना छैन।
- सार्वजनिक निकायले प्राक्टिभ डिस्क्लोजर (अनिवार्य रूपमा सार्वजनिक गर्नुपर्ने सूचना) गर्ने कानुनी व्यवस्था भए पनि यसको प्रभावकारी कार्यान्वयन न्यून छ।

### ३. कार्यान्वयनको अवस्था

**३.१ सूचना माग्ने प्रवृति**

- नागरिकमा सूचना माग्ने प्रवृत्ति अझै न्यून छ।
- धेरैलाई आफ्नो अधिकारबारे जानकारी छैन।
- ग्रामीण क्षेत्रमा विशेष गरी अशिक्षा, पहुँच र संस्कृतिका कारण सूचना माग्ने अभ्यास नगन्य छ।

**३.२ सूचना उपलब्ध गराउने अवस्था**

- धेरै कार्यालयहरूले मागिएको सूचना समयमा नदिने वा टार्ने प्रवृत्ति देखिन्छ।
- सूचना पाउने प्रक्रियालाई अनावश्यक रूपमा जटिल बनाउने प्रवृत्ति अझै छ।

**३.३ प्रोएक्टिभ डिस्क्लोजर**

- बजेट, खर्च विवरण, कर्मचारी संरचना जस्ता अनिवार्य सूचना सार्वजनिक गर्ने अभ्यास धेरै कमजोर छ।
- धेरै स्थानीय तहका सूचना पटिका खाली रहने वा वेबसाइट अद्यावधिक नगर्ने अवस्था विद्यमान छ।

**३.४ प्रविधि र पहुँच**

- ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच कमजोर भएकाले सूचना डिजिटल माध्यमबाट पाउन कठिन।
- वेबसाइट वा अनलाइन पोर्टल भएका स्थानीय तहहरू पनि नियमित रूपमा अद्यावधिक गर्दैनन्।

**३.५ उजुरी र अनुगमन**

- मधेस प्रदेशबाट राष्ट्रिय सूचना आयोगमा पुग्ने उजुरीको संख्या न्यून छ।
- यसले नागरिकको अधिकार प्रयोग गर्ने क्षमता कमजोर भएको देखाउँछ।

### ४. चुनौतीहरू

१. नागरिक सचेतना अभाव।
२. सूचना अधिकारीको निष्क्रियता।
३. पारदर्शिता प्रवर्द्धन गर्ने क्षमता न्यून।
४. संस्थागत संरचना कमजोर।
५. राजनीतिक हस्तक्षेप।
६. भाषागत अवरोध।

### ५. अवसरहरू

- संविधानिक र कानुनी आधार बलियो।
- नागरिक समाज, पत्रकार र गैरसरकारी संस्थाहरू सूचना अधिकार प्रवर्द्धनमा सक्रिय हुँदैछन्।
- मोबाइल, सामाजिक सञ्जाल र रेडियोजस्ता माध्यमले सूचना प्रसार सजिलो बनाउन सक्छ।
- प्रदेश सरकारले पारदर्शिता र सुशासनलाई प्राथमिकता दिन थालेको छ।
- डिजिटलाइजेशन र ई-गभर्नेन्स प्रवर्द्धन हुँदै गएकाले सूचना अधिकारलाई व्यवहारमा उतार्न सहज।

### ६. सुधारका उपायहरू

१. जनचेतना अभिवृद्धि - विद्यालय, कलेज, नागरिक समाज र सञ्चार माध्यममार्फत व्यापक प्रचार-प्रसार।
२. सूचना अधिकारीलाई सक्रिय बनाउने - तालिम, प्रोत्साहन, नियमित मूल्यांकन र कारबाहीको व्यवस्था।
३. प्राक्टिभ डिस्क्लोजरलाई अनिवार्य - वेबसाइट, सूचना पटिका, रेडियो/पत्रपत्रिकामा नियमित सूचना प्रकाशन।
४. प्रविधिको प्रभावकारी प्रयोग - मोबाइल एप, अनलाइन पोर्टल, स्थानीय सूचना केन्द्र स्थापना।
५. अनुगमन र जवाफदेहिता - प्रदेश सरकार र स्थानीय तहले वार्षिक सूचना अधिकार प्रतिवेदन सार्वजनिक गर्ने दायित्व।
६. नागरिक सहभागिता - सामाजिक लेखा परीक्षण, सार्वजनिक सुनुवाइ, बजेट पारदर्शिता कार्यक्रम।
७. भाषागत पहुँच - स्थानीय भाषामा सूचना उपलब्ध गराउने व्यवस्था।

### ७. निष्कर्ष

मधेस प्रदेशमा सूचना अधिकारको कार्यान्वयन आंशिक मात्र देखिन्छ। कानुनी व्यवस्था बलियो भए पनि नागरिक सचेतना, प्रविधि, संस्थागत संरचना र सरकारी निकायको इच्छाशक्ति कमजोर भएकाले प्रभावकारी कार्यान्वयन भएको छैन। यदि नागरिक समाज, सञ्चार माध्यम, प्रदेश सरकार र स्थानीय तहबीच सहकार्य गरी सचेतना, प्राविधिक पहुँच र प्राक्टिभ डिस्क्लोजरलाई सुदृढ गरियो भने मधेस प्रदेशमा सूचना अधिकारलाई व्यवहारमै सफलतापूर्वक लागू गर्न सकिन्छ। यसले लोकतान्त्रिक अभ्यासलाई बलियो पार्ने मात्र होइन, सुशासन र जवाफदेहिता पनि सुनिश्चित गर्नेछ।

लेखक: सुचनाको हकका लागि राष्टिय महासंघ मधेस प्रदेश अध्यक्ष हुन् ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,